नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय**

अनामनगर, काठमाण्डौ
फोन नं. ०१-४१०२६०७
४१०२७११
फ्याक्स नं.०१-४१०२७०९
E-mail : info@fepb.gov.np

पत्र संख्या :- ०७१/७२
चलानी नम्वर :- ११५१

मिति :२०७२/१/२७

**बिषय :- प्रेस विज्ञप्ति ।**

प्रस्तुत बिषयमा २०७२।१।१२ गते गएको विनाशकारी भूकम्पवाट नेपालमा रहेका परिवार गुमाएका बिदेशस्थित नेपाली कामदारहरुलाई स्वदेश फर्काउने सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।१।२४ को निर्णय कार्यान्वयन गर्न निम्नानुसारको कार्यविधि तय भई माननीय विभागीय मन्त्रीस्तरवाट मिति २०७२।१।२७ मा स्वीकृत भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. वैदेशिक रोजगार ऐनको दफा ३२ को स्पष्टीकरण अनुसार एकाघरका परिवारमा पति वा पत्नी, छोरा छोरी वा आमा बाबु तथा महिला कामदारको हकमा निजको सासु ससुरा समेतका मृत्यु भएको प्रमाण स्वरुप सम्वन्धित निकायवाट मृत्युदर्ता प्रमाणपत्र र नाता प्रमाणित सम्वन्धी कागजात अनिवार्य रुपमा पेश हुनु पर्ने साथै सम्वन्धित स्थानीय निकाय/सरकारी अस्पतालवाट भूकम्पको कारणवाट मृत्यु भएको सिफारिश पत्र समेत पेश हुनुपर्ने ।

२. रोजगारदाता वा अन्य संघसंस्थाले कामदारलाई टिकटको लागि सहयोग नगरेको वा नपाएको भनी नेपाली राजदूतावासले प्रमाणित गरिदिएको पत्र पेश हुनुपर्ने ।

३. वैधानिक रुपमा श्रम स्वीकृति लिएर गएको, वैदेशिक रोजगार बिभागवाट जारी श्रम स्वीकृति पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने ।

४. यसै अवधिमा करार अवधि सकिएर विदेश फर्कनु नपर्ने कामदारको हकमा एकातर्फी टिकट खर्च मात्र उपलव्ध गराउने व्यहोरा समेतको जानकारी सम्वन्धितलाई दिने ।

५. २०७२ वैशाख १२ गतेको विनासकारी भूकम्पमा परी आफ्नो एकाघरको परिवारको सदस्यको मृत्यु भई स्वदेश फर्कनुपर्ने वैदेशिक रोजगारमा रहेका नेपाली कामदारहरुलाई २०७२ जेठ महिनाभर फर्कदा यो व्यवस्था लागू हुने ।

५.१ कामदारले नेपाल आउँदा र सम्वन्धित मुलुकमा जाँदा किनेको टिकट, बील र बोडिङ्ग पास समेत पेश गर्नुपर्ने ।

५.२ नेपालमा आउँदा र गन्तव्य मुलुकमा फर्कदा Economy Class को टिकटमा यात्रा गर्नुपर्ने र सो वापत नेपाल सरकार माननीय विभागीय मन्त्रीस्तरवाट भएको निर्णय बमोजिम तोकिएको रकम एकमुष्ट भुक्तानी दिने ।

५.३ उपर्युक्त अनुसार बील पेश गर्दा तोकिए बमोजिमको रकम भन्दा कमको भएमा बीलमा उल्लेखित रकम भुक्तानी दिने र बढी रकमको बील पेश भएमा तोकिएको हदसम्म मात्र रकम भुक्तानी दिइने ।

५.४ कामदारलाई रोजगारदाता र अन्य संघसंस्थावाट टिकट उपलव्ध नभएको अवस्थामा सम्वन्धित दूतावासले गर्ने सिफारिशको ढाँचा बोर्ड सचिवालयले तोके बमोजिम हुने ।

५.५ सम्वन्धित दूतावासमा अलपत्र परेका कानून बमोजिम नेपाल ल्याउनुपर्ने कामदारसँग टिकट खरिद गर्ने रकम नभएको अवस्थामा बोर्डवाट दूतावासमा उक्त प्रयोजनको लागि रकम उपलव्ध गराउने ।

५.६ नेपालवाट गन्तव्य देशमा फर्कने कामदारको हकमा आवश्यक प्रमाण बोर्ड सचिवालय पठाउने र सो प्राप्त भएपछि निजको बैंक खातामा रकम जम्मा गर्न सकिने ।

५.७ उल्लिखित व्यहोराको सूचना सञ्चार माध्यममा प्रकाशन/प्रशारण गर्ने र यो व्यवस्थाको जानकारी सम्वन्धित राजदूतावासहरु र अन्य सरोकारवाला निकायहरुलाई समेत गराउने ।

..................
(टीका प्रसाद भण्डारी)
प्रवक्ता एवं निर्देशक

*'निजामती सेवाको मान्यता: अनुशासन, इमान्दारीता र नैतिकता'*